# पाँचपोखरी थाङ्पाल गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७

**प्रस्तावना :**

गाउँपालिकाले विपद् जोखिम कम गरी यहाँको मानवीय, आर्थिक र पर्यावरणीय क्षतिलाई न्यूनीकरण एवं व्यवस्थापन गर्नका लागि नेपालको संविधान २०७२ को धारा २२६ को उपधार (१) को अनुसूची ८ र ९ अनुरूप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार प्रयोग गरी पाँचपोखरी थाङ्पाल गाउँपालिकाको गाउँसभाबाट मिति २०७७ साल चैत्र १३ मा **पाँचपोखरी थाङ्पाल गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न तयार गरेको ऐन २०७८ जारी गरेको छ ।**

## परिच्छेद-१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनको नाम पाँचपोखरी थाङ्पाल गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ रहेको छ ।

(ख) पाँचपोखरी थाङ्पाल गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट यो ऐन लागु हुनेछ ।

२. **'परिभाषा'** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) **'कोष'** भन्नाले यसै ऐनको दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

ख) **'अध्यक्ष'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ग) **'उपाध्यक्ष'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

घ) **'वडा अध्यक्ष'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकाका सबै वडा अध्यक्षलाई सम्झनुपर्छ ।

ङ) **'वडा सदस्य'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकाको वडाबाट निर्वाचित सदस्यलाई सम्झनुपर्छ ।

च) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

छ) **'गैरप्राकृतिक विपद्'** भन्नाले मानवीय तथा गैरमानवीय कारणले उत्पन्न हुने महामारी, अनिकाल, डँढेलो, कीट तथा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, जनावर आतङ्क, सर्पदंश, सडक, आगलागी, विषाक्त ग्यास/रसायन, ग्यास विष्फोटन, उद्योग/कलकारखानाबाट उत्सर्जन हुने जोखिम, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश तथा भौतिक संरचनाको क्षति तथा विपद् उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न हुने विपद्लाई सम्झनुपर्छ ।

ज) **'जिल्ला विपद् व्यवस्थापन समिति'** भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम (पाँचपोखरी थाङ्पाल गाउँपालिका रहेको) सिन्धुपाल्चोक जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

झ) **'तोकिएको वा तोकिएबमोजिम'** भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

ञ) **'प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति'** भन्नाले सङ्घीय ऐनको दफा १४ बमोजिम वाग्मती प्रदेश (पाँचपोखरी थाङ्पाल गाउँपालिका रहेको वाग्मती प्रदेश) मा गठन भएको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनुपर्छ ।

ट) **'प्राकृतिक विपद्'** भन्नाले भूकम्प, असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा खडेरी, हुरी बतास, चट्याङ, डँढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न हुने जुनसुकै विपद् सम्झनुपर्छ ।

ठ) **'राष्ट्रिय कार्यकारी समिति'** भन्नाले सङ्घीय ऐनको दफा ६ बमोजिमको राष्ट्रिय कार्यकारी समिति सम्झनुपर्छ ।

ड) **'राष्ट्रिय परिषद्'** भन्नाले सङ्घीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ ।

ढ) **'राष्ट्रिय प्राधिकरण'** भन्नाले सङ्घीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

ण) **'विपद्'** भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भइ जनधनको क्षतिका साथै जीवन यापन र वातावरणमा प्रतिकूल असर पुऱ्याउने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

त) **'विपद् खोज तथा उद्धार समूह'** भन्नाले विपद्को अवस्थामा खोज तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टकृत खोज उद्धार समूहलाई सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

थ) **'विपद् जोखिम न्यूनीकरण'** भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा व्यवस्थापन कार्यमा विपद् जोखिम कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ ।

द) **'विपद् व्यवस्थापन'** भन्नाले विपद्पूर्व, विपद्को समय र विपद्पश्चात गरिने कार्य, जस्तै- न्यूनीकरण, पूर्वतयारीका कार्य, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

ध) **'विपद् पुनर्लाभ'** भन्नाले विपद्पश्चात गरिने पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी कार्य सम्झनुपर्छ ।

न) **'विपद् प्रतिकार्य'** भन्नाले विपद्को समयमा गरिने कार्य सम्झनुपर्छ । यसअन्तर्गत विपद्का घटनालगत्तै गरिने उद्धार, खोजी कार्य र आपत्कालीन राहतसँग सम्बन्धित कामलाई बुझाउँछ ।

प) **'प्रतिकार्यको पूर्वतयारी'** भन्नाले उद्धार, खोजी कार्य र आपत्कालीन राहत व्यवस्थापनका लागि गरिने पूर्वतयारीलाई सम्झनुपर्छ ।

फ) **'विपद् व्यवस्थापन शाखा'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापनको जिम्मेवारी तोकिएको शाखालाई सम्झनुपर्छ ।

ब) **'समिति'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकामा गठित स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिलाई सम्झनुपर्छ ।

भ) **'सङ्घीय ऐन'** भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन २०७४ लाई सम्झनुपर्छ ।

म) **'व्यावसायिक प्रतिष्ठान'** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिकाभित्र रहेका उद्योग, कलकारखाना, सिनेमा हल, बिक्री कक्षलगायत सरकारले तोकेका निजी व्यवसायहरू सम्झनुपर्छ ।

य) **'सङ्घीय मन्त्रालय'** भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

र) **'सार्वजनिक संस्था'** भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान र प्रचलित कानुनबमोजिम नेपाल सरकारले तोकेको पाँचपोखरी थाङ्पाल गाउँपालिका क्षेत्रभित्रका सबै प्रकारका सार्वजनिक संस्था एवम् आयोगसमेतलाई सम्झनुपर्छ ।

ल) **'सुरक्षित विद्यालय'** भन्नाले बृहत्तर विद्यालय सुरक्षा ढाँचाबमोजिम निर्माण भएका विद्यालयलाई सम्झनुपर्छ ।

व) **'गैरसरकारी संस्था'** भन्नाले सङ्घ/संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई पाँचपोखरी थाङ्पाल गाउँपालिकामा सूचीकृत गैरसरकारी संस्था सम्झनुपर्छ ।

श) **'सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति'** भन्नाले सुरक्षित समुदायका लागि सङ्कटासन्न समुदायमा सामूहिक भेलाबाट गठन भएको सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति भन्ने सम्झनुपर्छ ।

ष) **'विपद् व्यवस्थापन सम्पर्क व्यक्ति'** भन्नाले पालिकास्तरीय विपद् व्यवस्थापन कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्न स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले तोकेको व्यक्ति सम्झनुपर्छ । सम्पर्क व्यक्ति तोक्दा स्थानीय र अनुभवी व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

स) **'एक द्वार प्रणाली'** भन्नाले राहत वितरणमा पालिकाको एक द्वार प्रणालीलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## पाँचपोखरी थाङ्पाल गाउँपालिका विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन :**

क) पाँचपोखरी थाङपाल गाउँपालिका क्षेत्रभित्रको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी र दिगोरूपमा सञ्चालन गर्न स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति रहनेछ ।

ख) **समितिको गठन देहायबमोजिम हुनेछ :**

| | | |
|---|---|---|
| १) | पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| २) | पाँचपोखरी थाङ्पाल गाउँपालिकाका उपाध्यक्ष | उपाध्यक्ष |
| ३) | पाँचपोखरी थाङ्पाल गाउँपालिकाका सबै वडा अध्यक्ष | सदस्य |
| ४) | वातावरण तथा विपद् शाखा प्रमुख | सदस्य |
| ५) | पाँचपोखरी थाङ्पाल गाउँपालिकाका सम्बन्धित विषयगत शाखा प्रमुख | सदस्य |

६)	भौतिक तथा पूर्वाधार शाखा प्रमुख	सदस्य

७)	पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सङ्घीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि सदस्य

८)	पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि	सदस्य

९)	पालिका प्रहरी प्रमुख	सदस्य

१०)	पालिकास्थित राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुख वा प्रतिनिधि	सदस्य

११)	नेपाल रेडक्रस सोसाइटीका १ जना स्थानीय प्रतिनिधि	सदस्य

१२)	निजी क्षेत्रको उद्योग वाणिज्यसम्बन्धी मान्यता प्राप्त संस्थाको पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको १ जना प्रतिनिधि	सदस्य

१३)	गैरसरकारी संस्था महासङ्घको स्थानीय प्रतिनिधि सदस्य

१४)	नेपाल पत्रकार महासङ्घको स्थानीय प्रतिनिधि १ जना	सदस्य

१५)	पाँचपोखरी थाङ्पाल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत	सदस्यसचिव

ग)	उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रमसङ्ख्या १०, ११, १२, १३, १४ र १५ का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारबाही गर्नमा कुनै असर पर्ने छैन ।

घ)	उपदफा (ख) बमोजिम गठित समितिले सङ्घीय ऐनको दफा १७ बमोजिम स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिका रूपमा कार्य गर्नेछ ।

### ४. समितिको बैठकसम्बन्धी व्यवस्था

क)	संयोजकले तोकेको स्थान, समय र मितिमा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्नेछ ।

ख)	बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसहितको सूचना समितिका सबैलाई सदस्यसचिवले दिनुपर्नेछ ।

ग)	सदस्यसचिवले समितिका पदाधिकारी र सदस्यहरूलाई बैठकको सूचना सामान्यतया ३ दिनअघि नै दिनुपर्नेछ ।

घ)	बैठकमा ५१ प्रतिशत सदस्यको उपस्थिति भएमा गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

ङ)	उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को समय वा यस्तै आपत्कालीन अवस्थामा समितिको बैठक तत्काल बोलाउन आवश्यक देखिएमा समितिको संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ । यस्तो अवस्थामा संयोजकसहित समितिको २ जना सदस्य उपस्थित भएमा बैठक बस्न र निर्णय गर्न कुनै बाधा हुने छैन । तथापि सो निर्णयलाई समितिको अर्को पूर्ण बैठकमा अनुमोदन गराउनुपर्नेछ ।

च)	समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजकको अनुपस्थितिमा सहसंयोजकको अध्यक्षतामा बैठक बस्नेछ ।

छ)	समितिको निर्णय बहुमतद्वारा हुनेछ तर मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछन् ।

ज)	समितिले आवश्यकताबमोजिम सम्बन्धित निकाय र सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

झ) प्रत्येक बैठकको निर्णय लिपिबद्धरूपमा अभिलेखीकरण गर्नुपर्नेछ ।

ञ) बैठकको निर्णय संयोजकबाट प्रमाणित गरी अभिलेखीकरण गर्ने जिम्मेवारी सदस्यसचिवको हुनेछ ।

## ५. समितिको काम, कर्तव्य र अधिकार

स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) विपद् व्यवस्थापनका सन्दर्भमा सङ्घीय सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्ने,

ख) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने र आवश्यकताअनुसार खोजी कार्यमा तीव्रता दिने,

ग) पालिका क्षेत्रभित्र बसोबास गर्ने स्थानीय बस्तीहरूमा विपद्प्रति सचेत बनाउन विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने तथा विपद्का घटना हुँदासाथ प्रतिकार्यका लागि परिचालन गर्ने गरी पालिका, वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

घ) विपद् व्यवस्थापनका बारेमा सङ्घीय तथा प्रादेशिक कानुन र नीति निर्देशिकाको अधीनमा रही सबै प्रकारका सङ्घ/संस्था तथा सरोकारवालाहरूको भूमिका निर्धारण गरी त्यस्ता निकाय, सङ्घ/संस्था र सरोकारवालाहरूद्वारा तयार गरिने नीति, योजना र कार्यक्रमहरूमा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गर्न प्रोत्साहन गर्ने,

ङ) विपद् व्यवस्थापनसम्बन्धी विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्था, दातृ निकाय, नागरिक समाज तथा व्यक्तिबाट प्राप्त हुने राहत, पुनर्निर्माण, पुनर्लाभ तथा पुनर्स्थापनाका विषयवस्तुलाई गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्डअनुसार वितरण, परिचालन तथा व्यवस्थापन गर्ने/गराउने,

च) विपद्को समयमा जोखिममा रहेका सङ्कटासन्न समूह, खासगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका व्यक्तिहरूमाथि सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, बेवास्ता तथा बेचबिखन रोकथामका लागि सतर्कता अपनाउन सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने,

छ) विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रमअनुरूप हुने गरी पालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील नीति तथा योजना तर्जुमा गरी स्वीकृतिका लागि पालिकाको कार्यपालिकामा पेस गर्ने,

ज) पालिकाका पदाधिकारी कर्मचारी, स्वयम्सेवक, सामाजिक परिचालक, विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरू, कार्यदलका सदस्यहरू र समुदायसमेतलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम तथा अनुशिक्षण दिने प्रबन्ध मिलाउने ।

झ) विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार विपद् व्यवस्थापनसम्बन्धी अन्य विविध कार्य गर्ने/गराउने ।

ञ) पाँचपोखरी थाङ्पाल गाउँपालिका सभाबाट स्वीकृत नीति, रणनीति र निर्देशिकाहरूको मातहत रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना, कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने ।

ट) स्थानीयस्तरमा रहेका निजी तथा सार्वजनिक क्षेत्रबाट विद्यमान सेवा प्रवाहमा बाधा/व्यवधान आएमा सो सेवाको अटुट निरन्तरताका लागि योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी कार्य गर्ने/गराउने।

ठ) पालिका क्षेत्रभित्र रहेका नदी किनार, बगर, पहिरो, सम्भावित जमिन, नदी कटान हुने क्षेत्र, डँढेलोग्रस्त क्षेत्र र यस्तै प्रकारका जोखिमयुक्त क्षेत्रमा बसोबास गर्न बाध्य समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न उपयुक्त र सुरक्षित स्थान खोजी गरी स्थानान्तरण गर्न अग्रसर गर्ने,

ड) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गर्ने/गराउने।

ढ) पालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यालय सुरक्षा ढाँचामा आधारित निर्माण तथा पुनर्निर्माण गर्ने/गराउने।

ण) पालिकाका जोखिमपूर्ण टोल र बस्तीहरू पहिचान गरी प्रत्येक टोल र बस्तीको जोखिम नक्साङ्कन गर्ने ।

त) पालिकाका जोखिमपूर्ण टोल र बस्तीहरूमा विपद् प्रतिकार्यका लागि कृत्रिम घटना अभ्यास सञ्चालन गर्ने/गराउने,

थ) आपत्कालीन प्रतिकार्यमा प्रयोग गर्न सकिने गरी खोज उद्धार उपकरण तथा सामग्री, एम्बुलेन्स जस्ता अत्यावश्यक उपकरण तथा सामग्रीहरूको व्यवस्थापन तथा भण्डारण गर्ने/गराउने।

द) स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको मातहतमा सञ्चालन हुने गरी स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने।

ध) पालिकास्तरीय विपद् सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने।

न) पालिकास्तरीय विपद् पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गर्ने/गराउने।

प) विपद्को समयमा काम गर्ने खोज तथा उद्धार समूहको अनिवार्य निर्जीवन (दुर्घटना) बिमा गर्ने।

फ) विपद्को समयमा खोज, उद्धार र राहतलगायत प्रतिकार्यका प्रारम्भिक कार्यहरू शीघ्र सञ्चालनका लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि, मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने/गराउने।

ब) विपद्को समयमा पालिकाभित्र उपलब्ध आमसञ्चार माध्यमको भूमिकासम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने/गराउने।

भ) पालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधारसम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने/गराउने।

म) अग्नि नियन्त्रणका लागि पालिकाका बाक्लो बस्ती र वन क्षेत्रभित्रका स्थानमा प्लास्टिक पोखरीको व्यवस्थापन गर्ने र विद्यमान पोखरी र कुवा संरक्षण गर्ने,

य) विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्न पालिका र वडामा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोक्ने।

र) विपद् प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाको चरणमा महिलामाथि हुन सक्ने हिंसाका घटना रोक्नका लागि प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाका हरेक गतिविधिमा महिलाको सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्ने।

ल) पालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System) लाई प्रभावकारी बनाउन पालिकास्तरीय विपद् व्यवस्थापन पोर्टल स्थापना र सञ्चालन गर्ने।

व) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारीरूपले सञ्चालन गर्न पालिकामा विपद् व्यवस्थापन तथा वातावरण शाखालाई क्रियाशील गर्ने,

श) निजी क्षेत्रसँगको समन्वय र साझेदारीमा विपद् जोखिममा रहेका व्यक्ति, पशु चौपाया र बाली संरक्षाणका लागि सुरक्षा बिमा कार्यक्रम सञ्चालन गर्ने ।

ष) स्थानीय विपद् व्यवस्थापन समितिको मातहत रही विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाको समयमा परिचालन गर्ने गरी स्थानीय आवश्यकताअनुसार विभिन्न कार्यदल गठन गर्ने,

स) पालिका क्षेत्रभित्रका संस्थागत विद्यालयमा सुरक्षित विद्यालय कार्यान्वयनका लागि सहजीकरण गर्ने/गराउने ।

## परिच्छेद-३

## वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ६. वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन

(क) पालिकाको प्रत्येक वडामा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति रहनेछ ।

(ख) वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको गठन देहायबमोजिम हुनेछ :

| | | |
|---|---|---|
| १) | वडा अध्यक्ष | संयोजक |
| २) | वडा सदस्यहरू | सदस्य |
| ३) | वडाभित्र रहेका विषयगत शाखा र एकाइ कार्यालय प्रमुखहरू | सदस्य |
| ४) | वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू | सदस्य |
| ५) | राष्ट्रिय मान्यता प्राप्त दलका वडास्तरीय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ६) | नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि | सदस्य |
| ७) | वडामा क्रियाशील गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाका संयोजकले तोकेको २ महिलासहित ४ जना | सदस्य |
| ८) | वडाभित्र क्रियाशील महिला समूह तथा आमा समूहका प्रमुख वा प्रतिनिधिमध्ये संयोजकबाट मनोनित १ जना | सदस्य |
| ९) | सामुदायिक विपद् तथा जलवायु उत्थानशील समितिहरूबाट संयोजकद्वारा मनोनीत २ जना | सदस्य |
| १०) | वडाभित्र रहेका स्थानीय सञ्चारकर्मीमध्येबाट १ जना | सदस्य |
| ११) | वडा सचिव | सदस्यसचिव |

### ७. बैठकसम्बन्धी व्यवस्था

क) उपदफा (ख) बमोजिम समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ख) बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसहितको सूचना समितिलाई सदस्यसचिवले दिनेछ ।

ग)	सदस्यसचिवले समितिका पदाधिकारीहरू र सदस्यहरूलाई बैठकको सूचना सामान्यतया ३ दिनअघि दिनुपर्नेछ ।

घ)	बैठकमा ५१ प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

ङ)	उपदफा ग र घ मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को समय वा यस्तै आपत्कालीन अवस्थामा समितिको संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछन् । यस्तो अवस्थामा संयोजकसहित समितिको २ जना सदस्य उपस्थित भएमा बैठक बस्न र निर्णय गर्न कुनै बाधा हुने छैन ।

च)	समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजकको अनुपस्थितिमा ज्येष्ठ वडा सदस्यको अध्यक्षतामा बैठक बस्नेछ ।

छ)	समितिको निर्णय बहुमतद्वारा हुनेछ तर मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

ज)	समितिले आवश्यकताबमोजिम सम्बन्धित निकाय र सम्बन्धित विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

झ)	प्रत्येक बैठकको निर्णय लिपिबद्धरूपमा अभिलेखीकरण गर्नुपर्नेछ ।

ञ)	बैठकको निर्णय संयोजकबाट प्रमाणित गरी अभिलेखीकरण गर्ने जिम्मेवारी सदस्यसचिवको हुनेछ ।

**८.	वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको काम, कर्तव्य र अधिकार**

क)	वडा विपद् व्यवस्थापन समितिको नियमित बैठक सञ्चालन गर्ने र बैठकको निर्णयहरू अभिलेखीकरण गर्ने/गराउने ।

ख)	विपद्को समयमा उच्च जोखिममा रहेका समुदाय प्रमुखरूपमा महिला, बालबालिका, किशोरी, गर्भवती तथा प्रसूति महिलाहरू, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूउपर हुन सक्ने हिंसा तथा दुर्व्यवहार र शोषणको रोकथाम र न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

ग)	वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति र विभिन्न कार्यदलका सदस्यहरूको क्षमता विकासका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तालिम सञ्चालन तथा पुनर्ताजगी गर्ने/गराउने ।

घ)	वडास्तरीय विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्ने/गराउने ।

ङ)	गाउँपालिकाका प्रत्येक वडाभित्र विपद्, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापन समितिमा सिफारिस गर्ने र उक्त समितिबाट स्वीकृत ऐन, कानुन, नीति र निर्देशिकाबमोजिमका कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।

च)	प्रत्येक वडामा विपद् तथा जलवायु उत्थानशील समितिको मातहतमा रही कार्यसम्पादन गर्ने गरी विभिन्न कार्यदल गठन गरी तिनीहरूको क्षमता विकासका लागि विपद् व्यवस्थापन तालिम कार्यक्रम सञ्चालन तथा पुनर्ताजगी गर्ने ।

छ)	प्रत्येक वडाका सङ्कटासन्न बस्तीहरू पहिचान गरी उक्त बस्तीहरूको जोखिम नक्साङ्कन गर्ने ।

ज)	प्रत्येक वडामा तोकिएको ढाँचामा केन्द्रित रही विपद् जोखिम न्यूनीकरण गराइ गाउँ सभामा पेस गर्ने ।

झ)	वडास्तरीय विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकासँग आवश्यक बजेट माग गर्ने ।

ञ) वडाभित्र विकास निर्माणका क्रियाकलाप सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण भएको सुनिश्चित गर्ने ।

ट) विद्यालय, स्वास्थ्य चौकी तथा अस्पतालको सुरक्षाका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्ने/गराउने ।

ठ) वडाभित्रका नदी तथा पहिरो नियन्त्रणका लागि दिगो भूव्यवस्थापन तथा जैविक प्रविधि विस्तारका कार्यक्रम सञ्चालन गर्ने ।

ड) वडास्तरीय विपद् व्यवस्थापन योजना, आपत्कालीन पूर्वतयारी योजना तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्ने/गराउने ।

ढ) विपद्को समयलाई प्रभावकारीरूपले व्यवस्थापन गर्न कृतिम घटना नमुना अभ्यास गर्ने/गराउने ।

ण) विपद् पूर्वतयारी, आपत्कालीन प्रतिकार्य तथा पुनर्लाभका कार्यक्रमहरू सञ्चालन र अनुगमनका लागि विभिन्न सङ्घ/संस्थासँग समन्वय र सहकार्य गर्ने/गराउने ।

त) विपद् प्रभावितहरूको उत्थानशीलताका लागि प्रकोपग्रस्त क्षेत्रमा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने/गराउने ।

थ) गाउँपालिकाका प्रत्येक वडामा विपद् हुनासाथ खोज तथा उद्धार र राहतका कार्यलाई यथाशीघ्ररूपमा सञ्चालन गर्ने र घाइतेहरूको प्राथमिक उपचार गर्न विभिन्न सरोकारवालासँग समन्वय गर्ने/गराउने ।

द) आपत्कालीन समयमा उपलब्ध सूचना र तथ्याङ्कहरूको प्रमाणीकरणसहित वडा कार्यालयले स्रोत खुलाएर सम्बन्धित निकायमा पेस गर्ने ।

ध) विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरू वडाका उपयुक्त बस्तीहरूमा भण्डारण गर्ने ।

न) वडा कार्यालयमा वडा सदस्यहरूमध्येबाट एक जना सदस्यलाई विपद् व्यवस्थापन सम्पर्क सदस्य तोक्ने ।

प) विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने/गराउने ।

फ) वडाभित्रका सङ्कटासन्न बस्ती र समुदायको पहिचान गरी ती समुदायमा आवश्यकताअनुसार सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति गठन गर्ने ।

ब) प्रत्येक सामुदायिक विपद् तथा जलवायु उत्थानशील समितिलाई वडा कार्यालयमा सूचीकृत गर्ने/गराउने ।

भ) सामुदायिक विपद् तथा जलवायु उत्थानशील समितिका पदाधिकारी र सदस्यहरूको क्षमता विकासका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तालिम सञ्चालनका लागि गाउँपालिकासँग आवश्यक स्रोत माग गर्ने र अन्य सङ्घ/संस्थासँग समन्वय तथा सहकार्य गर्ने ।

## परिच्छेद-४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

### ९. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय

क) गाउँपालिकाले विपद् व्यवस्थापनको कार्यमा सङ्घीय सरकार र प्रदेश सरकारले परिचालन गरेका सङ्घीय तथा प्रादेशिक सुरक्षा निकायलाई सहयोग र समन्वय गर्नेछ ।

ख) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्मका सामग्रीहरू तत्काल उपलब्ध गराउनुपर्नेछ ।

ग) विपद् प्रतिकार्यका लागि गाउँपालिकासँग उपलब्ध भएमा पालिका प्रहरीलाई परिचालन गर्नेछ ।

## १०. एम्बुलेन्स तथा अन्य सेवाप्रदायक निकायको काम, कर्तव्य र अधिकार

क) एम्बुलेन्सलगायत सेवाप्रदायकले आपत्कालीन खोज तथा उद्धार र राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

ख) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेशबमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति र संस्थाको साधनस्रोतको उपयोग गर्ने अधिकार प्रचलित ऐन/कानुनबमोजिम वारुण यन्त्र सेवाप्रदायकलाई हुनेछ ।

ग) एम्बुलेन्स जस्ता आपत्कालीन उपकरणमा गाउँपालिकाभित्र सबै नागरिकको समान पहुँच सुनिश्चित हुनुपर्नेछ ।

घ) यस्ता आपत्कालीन सामग्रीहरू २४ सै घण्टा तयारी अवस्थामा राख्नुपर्नेछ ।

## ११. सार्वजनिक संस्था तथा व्यावसायिक संस्थाको दायित्व

विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिकाभित्रका सबै सार्वजनिक संस्थाहरू तथा व्यावसायिक प्रतिष्ठानको भूमिका देहायबमोजिम हुनेछ :

क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार तथा उपकरण, सामग्री, आपत्कालीन निकासलगायत तोकिएकोबमोजिमका अन्य व्यवस्था गर्ने ।

ख) तथ्याङ्क तथा सूचना सङ्कलन, क्षतिको मूल्याङ्कन र विश्लेषण, राहत व्यवस्थापन तथा भण्डारण, पुनर्स्थापना, पुनर्निर्माणलगायतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने ।

ग) आफ्ना कर्मचारी तथा कामदारको क्षमता विकास गर्न विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण गर्ने ।

घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोतसाधनलाई तयारी अवस्थामा राख्ने ।

ङ) आफ्ना भवनसहित अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशअनुसार उपलब्ध गराउने ।

च) सम्बन्धित अधिकारीको अनुगमन सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने ।

छ) पालिकास्तरीय विपद् जोखिम न्यूनीकरण संयन्त्रको गठन गरी तयारी अवस्थामा राख्ने ।

ज) विपद्को घटना भएमा तत्काल नजिकको सुरक्षा निकायमा खबर गर्ने र उद्धार कार्यलाई सघाउने ।

झ) गाउँपालिकाभित्रका सार्वजनिक संस्थान तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद् व्यवस्थापनसम्बन्धी योजनाको मातहत रही स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी अनिवार्यरूपमा कार्यान्वयन गर्ने/गराउने ।

## १२. विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने

गाउँपालिकाभित्रका सरकारी कार्यालय, गैरसरकारी सङ्घ/संस्थाहरू, स्थानीय तथा सामुदायिक सङ्घ/संस्था, समुदाय, स्वयम्सेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहायबमोजिमका सहयोग गर्नुपर्नेछ :

क) तथ्याङ्क तथा सूचना सङ्कलन, क्षतिको मूल्याङ्कन र विश्लेषण, राहत व्यवस्थापन तथा भण्डारण, पुनर्स्थापना, पुनर्निर्माणलगायतका विपद् व्यवस्थापनसम्बन्धी कार्य,

ख)	विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्न,

ग)	क्षमता विकाससम्बन्धी क्रियाकलापमा सहभागिता जनाउन,

घ)	आपत्कालीन नमुना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यमा सहभागिता जनाउन ।

ङ)	आपत्कालीन प्रतिकार्यमा सहयोग गर्न ।

च)	विपद् पूर्वतयारीका क्रियाकलापहरूमा जनसहभागिता बढाउन ।

छ)	विपद् जोखिम न्यूनीकरणका क्रियाकलाप सञ्चालन गर्न ।

## परिच्छेद-५

## विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

**१३.	विपद् व्यवस्थापन कोष**

(क)	विपद् व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै कोष स्थापना र सञ्चालन गर्नेछ ।

ख)	विपद् व्यवस्थापन कोषमा देहायबमोजिमको कोष रहनेछ ।

१)	गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोष जम्मा गर्ने गरी छुट्याइएको स्वीकृत रकम ।

२)	प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ।

३)	सङ्घीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ।

४)	विभिन्न व्यक्ति, सङ्घ/संस्थाहरू, दातृ निकायहरूबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ।

५)	विपद् व्यवस्थापनका लागि गाउँपालिकाले कानुनबमोजिम विशेष शुल्क वा सहयोग दस्तुर सङ्कलन गरी विपद् व्यवस्थापन कोषमा दाखिला गरेको रकम ।

६)	'कोष' विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधिबमोजिम हुनेछ ।

७)	कोषको रकम विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेछ । नियमित प्रशासनिक वा कार्यालय व्यवस्थापन कार्यका लागि खर्च गर्न पाइने छैन ।

८)	कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट गराउनुपर्नेछ ।

९)	समितिको कोषको वार्षिक आय-व्ययको प्रतिवेदन तयार गरी कार्यपालिकामार्फत गाउँ सभामा पेस गर्नुपर्नेछ ।

१०)	विपद् व्यवस्थापन कोषको रकम विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनर्स्थापनाका क्रियाकलापबाहेक अन्य शीर्षकमा रकमान्तर गर्न पाइने छैन ।

## परिच्छेद-६

## कसुर तथा सजाय

**१४.	कसुर तथा सजाय :** कसैले विपद्को घटना हुन सक्ने गरी लापरबाही गरेमा वा त्यस्तो घटना गराउन प्रत्यक्ष संलग्न भएमा वा घटना भएको अवस्थामा नाजायज फाइदा लिने/दिने गरी वा

आफूलाई मात्र फाइदा पुग्ने गरी कुनै काम गरेमा वा त्यस सम्बन्धमा सङ्घीय कानुनबमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा त्यससम्बन्धी कारबाही सङ्घीय कानुनबमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

### १५. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय

(क) नेपाल सरकारले गाउँपालिकाभित्रका कुनै स्थानमा गम्भीर प्रकृतिको विपद् भएमा विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुनबमोजिम कुनै काम गराउन आदेश दिएमा सोको पालना गर्नु/गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

ख) उपदफा (क) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम कुनै काम गराउन गाउँपालिकाभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न/गराउन गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ ।

ग) उपदफा (क) बमोजिम घोषणा गरिएको क्षेत्रसम्बन्धी सूचनाको प्रचारप्रसारमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ ।

### १६. स्थानीय सरकारको स्वीकृति अनिवार्य लिनुपर्ने

(क) विदेशी नागरिक वा संस्थाले प्रकोपबाट असर परेको कुनै क्षेत्रमा प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाका क्रियाकलापहरू सञ्चालन गर्न स्थानीय सरकारको स्वीकृति लिनुपर्नेछ । यदि स्थानीय सरकारको स्वीकृति नलिएको पाइएमा त्यस्तो नागरिक वा संस्थालाई गाउँपालिकाले प्रभावित क्षेत्र प्रवेशमा रोक लगाउन सक्नेछ । र, उक्त सूचना नेपाल सरकारलाई उपलब्ध गराउनुपर्नेछ ।

### १७. मानवीय तथा अन्य सहायता र समन्वय

(क) गाउँपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक तथा स्थानीय स्रोत र साधनले नभ्याएमा मानवीय तथा अन्य सहायताका लागि सिन्धुपाल्चोक जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार तथा नेपाल सरकारलगायत अन्य सम्बन्धित निकायमा अनुरोध गर्न सक्नेछ ।

ख) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने सिलसिलामा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेमा नेपाल सरकारको निर्देशनमा रही त्यससम्बन्धी कार्यमा सहयोग, समन्वय र सहकार्य गर्नुपर्नेछ ।

ग) गाउँपालिकाले छिमेकी गाउँपालिका वा नगरपालिकामा कुनै विपद् उत्पन्न भएमा उक्त विपद् व्यवस्थापनमा छिमेकी स्थानीय तहले सोझै जिल्ला समन्वय समिति वा प्रदेश सरकारमार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँपालिकाको दायित्व हुनेछ ।

### १८. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने

(क) विशेष परिस्थिति सिर्जना भइ प्रभावित क्षेत्रमा प्रतिकार्य गर्न तथा विद्यमान प्रकोपको रोकथाम गरी थप क्षति हुन नदिनका लागि तत्काल राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवस्यक परेमा

गाउँपालिकाद्वारा स्वीकृत सार्वजनिक खरिदसम्बन्धी व्यवस्थाबमोजिम गाउँ कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

ख) विपद्बाट प्रभावित क्षेत्रमा प्रतिकार्य गर्न तथा विद्यमान प्रकोपको रोकथाम गरी थप क्षति हुन नदिनका लागि गाउँपालिकाले र पालिका क्षेत्रभित्रका कुनै सरकारी, गैरसरकारी निकायको कार्यालय वा अन्य विभिन्न सङ्घ/संस्था र उनीहरूको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा आवस्यक समन्वय गरी त्यसको अभिलेख राखी तोकिएको समयावधिसम्मका लागि प्रयोग गर्न सक्नेछ ।

ग) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिकाले क्षेत्रभित्रका कुनै सरकारी, गैरसरकारी निकायको कार्यालय वा अन्य विभिन्न सङ्घ/संस्था र व्यक्तिलाई गैरखाद्य सामग्री आवश्यक भएमा आवश्यक समन्वय गरी सोको अभिलेख राखी प्रभावितहरूलाई वितरण गर्न सक्नेछ ।

## १९. राहतको न्यूनतम मापदण्डसम्बन्धी व्यवस्था

(क) विपद् प्रभावित व्यक्ति, सङ्घ/संस्था र निकायलाई सङ्घीय तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

ख) उपदफा (क) अनुसार पाँचपोखरी थाङ्पाल गाउँपालिकाले विपद् प्रभावित ब्यक्ति, सङ्घ/संस्था, निकाय तथा समुदायलाई राहत उपलब्ध गराउँदा गाउँपालिकाको राहत मापदण्ड निर्माण गरी उक्त मापदण्डका आधारमा राहत वितरण गर्नुपर्नेछ ।

ग) उपदफा (ख) अनुसारको राहत मापदण्डमा अन्य विषयका साथै देहायका विषय समावेश हुनुपर्नेछ :

१) विपद्बाट प्रभावित व्यक्ति, सङ्घ/संस्था, निकाय तथा समुदायलाई अस्थायी आश्रयस्थलमा राख्न आवश्यक पर्ने आवास, खाद्यान्न, स्वच्छ पिउने पानी, सुरक्षा, स्वास्थ्य तथा सरसफाइसम्बन्धी कुरा उपलब्ध गराउनुपर्नेछ ।

२) विपद्का घटनाबाट कसैको मृत्यु भएमा मृतकको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहतसम्बन्धी कुराहरू ।

३) महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी तथा अपाङ्गता भएका मानिसको विशेष आवश्यकता सम्बोधन हुने किसिमले राहतका प्याकेजहरू (जस्तै- स्यानिटरी प्याड, बेबी किट, डिग्निटी किट जस्ता सुरक्षित महिला तथा बालमैत्री स्थल, पोषणयुक्त खाद्यान्न) तयार गरी उपलब्ध गराउनुपर्नेछ ।

४) व्यक्तिगत गोपनीयता तथा सुरक्षासम्बन्धी कुराहरू ।

५) आधारभूत राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट विपद् प्रभावितहरूको जीविकोपार्जन सम्बोधन गर्ने कुराहरू ।

६) गैरसरकारी सङ्घ/संस्था वा व्यक्तिगतरूपमा दिइने राहतको अभिलेख ।

७) एक द्वार प्रणालीअनुरूप राहत वितरणसम्बन्धी मापदण्ड ।

८) गाउँपालिकाले यसरी राहत वितरण गर्दा (SPHERE) स्फेयर मापदण्डलाई आधार मानी वितरण गर्नुपर्नेछ ।

९)	राहत वितरण गर्दा सङ्कटासन्न समूहमा रहेका महिला, भूमिहीन, सुकुमबासी, दलित, आदिवासी, गर्भवती, सुत्केरी, बालबालिका, किशोरी, अपाङ्गता भएका र ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

१०)	राहत वितरणमा क्षति तथा आवश्यकता विश्लेषण कार्यदलको प्रतिवेदनलाई आधार मान्नुपर्नेछ ।

११)	स्थानीय सरकारको स्वीकृतिविना कुनै व्यक्ति तथा सङ्घ/संस्थालाई घटनास्थल प्रवेश गरी राहत वितरणमा रोक लगाउने ।

## २०. विपद्मा परी हराएका वा नभेट्टाइएका कागजात सम्बन्धमा

(क)	विपद्मा परी हराएर फेला पर्न नसकेका, जलेर वा पुरिएर आंशिक वा पूणरूपले क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागतजातहरूको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी व्यवस्था स्थानीय सरकारको प्रचलित कानुनले तोकेबमोजिम हुनेछ ।

ख)	विपद्मा परी हराएर फेला पर्न नसकेका, जलेर वा पुरिएर आंशिक वा पूणरूपले क्षति भएका प्रभावित व्यक्ति, परिवार, विषयगत निकाय तथा सङ्घ/संस्थाका महत्वपूर्ण कागजातहरू सम्बन्धित वडा कार्यालय आफैँले आवश्यकता पूरा गरी बढीमा ७ दिनभित्र उपलब्ध गराउनुपर्नेछ र गाउँपालिकाले उपलब्ध गराउनुपर्ने कागजातहरूका हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा आवश्यक छानबिन गरी सत्य/तथ्य पुष्टि भएमा १५ दिनभित्र प्रतिलिपि उपलब्ध गराइनेछ ।

## २१. निर्देशन दिन सक्ने

स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले यस ऐनको मातहत रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशन पालना गर्नु सम्बन्धित व्यक्ति तथा निकायको कर्तव्य हुनेछ ।

## २२. उपसमिति गठन गर्न सक्ने

(क)	स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले गाउँपालिका क्षेत्रको विपद् व्यवस्थापन कार्यमा क्रियाशील रहनका लागि आवश्यकताबमोजिम उपसमिति गठन गर्न सक्नेछ ।

ख)	उपदफा (क) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिएबमोजिम हुनेछ ।

## २३. अभिलेख राख्नुपर्ने

(क)	विपद्को समयमा आपत्कालीन राहत, पुनर्लाभ र पुनर्स्थापना उपलब्ध गराउने व्यक्ति, सरकारी, गैरसरकारी सङ्घ/संस्थाहरूको नाम, ठेगाना तथा उनीहरूले उपलब्ध गराउने राहतलगायत सेवा सुविधा तथा उक्त सामग्रीको परिमाणसहित विवरणको अभिलेख राख्ने व्यवस्था स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले मिलाउनुपर्नेछ र प्रत्येक वर्ष यस्ता विवरण अद्यावधिक गर्दै जानुपर्नेछ ।

ख)	उपदफा (क) बमोजिमको विवरण राख्दा विपद् तथा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला, बालबालिका, किशोरी, दलित, अपाङ्गता भएका नागरिक, गरिब तथा ज्येष्ठ नागरिक, विपद्का कारण विस्थापित परिवारको सङ्ख्या एकीन हुने विवरण तथा उनीहरूलाई उपलब्ध गराइएको राहतसहितको विवरण उल्लेख गर्नुपर्नेछ ।

२४. **पुरस्कार दिन सक्ने :** स्थानीय विपद् व्यवस्थापन क्षेत्रमा विशेष भूमिका र योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति तथा सङ्घ/संस्था वा निकायलाई प्रोत्साहनस्वरूप स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्मानस्वरूप पुरस्कार प्रदान गर्न सक्नेछ ।

२५. **वार्षिक प्रतिवेदन**

(क) प्रत्येक आर्थिक वर्षमा समितिले गरेको कार्यविवरणसहितको वार्षिक प्रतिवेदन तयार पारी गाउँपालिकामार्फत पालिका सभामा पेस गर्नुपर्नेछ ।

उपदफा (क) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्नेछ । गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक प्रतिवेदनलाई जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा पठाउनुपर्नेछ ।

२६. **प्रशासनिक खर्च व्यवस्थापन**

(क) स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको बैठकका निर्णयहरू, प्रतिवेदन तथा अन्य दस्तावेजहरूको समितिको विभिन्न सङ्घ/संस्थाहरूसँग समन्वयका अन्य दस्तावेजको तयारी, विभिन्न सङ्घ/संस्थासँग समन्वयका लागि पत्राचारलगायतका विविध कार्य गर्नका लागि आवश्यक न्यूनतम प्रशासनिक खर्चको व्यवस्थापन गाउँपालिका कार्यालयले गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको प्रशासनिक खर्च व्यवस्थापनका लागि गाउँपालिकाले सेवाग्राहीहरूलाई उपलब्ध गराउने सिफारिस शुल्कमा न्यूनतम शुल्क वृद्धि गरी प्राप्त हुने सहयोग दस्तुर विपद् तथा जलवायु उत्थानशील समितिको खातामा जम्मा गरी प्राप्त ब्याजबाट प्रशासनिक खर्च व्यवस्थापन गरिनेछ र उक्त रकम पारदर्शीरूपले खर्च गरी अन्य खर्चसरह आर्थिक हिसाब राख्ने व्यवस्था मिलाउनेछ ।

२७. **अधिकार प्रत्यायोजन**

गाउँपालिकाद्वारा निर्माण भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८ तथा यस ऐनअन्तर्गत बन्ने नियमबमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकताबमोजिम अन्य केही अधिकार स्थानीय विपद् व्यवस्थापन समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. **नियम बनाउने अधिकार**

गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक पर्ने स्थानीय परिवेशअनुरूपका नीति, नियम, मापदण्ड तथा कार्यविधि बनाउन सक्नेछ ।

२९. **स्वतः बदर हुने**

यस ऐनअन्तर्गत रहेका नियमहरू सङ्घीय तथा प्रादेशिक कानुनसँग बाझिएको अवस्थामा त्यस्ता नियम र दफा बाझिएको हदसम्म स्वतः बदर भएको मानिनेछ ।

**<u>आज्ञाले</u>**

दिनेशकुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत